# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश नेपाल

प.सं. २०८२।०८३
च.नं.

(शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल)

**ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन एवम् बिक्रीका लागि विद्युतीय बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।**

(दोस्रो पटक प्रकाशित भएको मिति २०८३/१/२५)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को बुदा नं. (६), दफा ६४ को उपदफा १ (च), नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७६, प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती र शितगंगा नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार तोकिएका नदी खोलाहरुको स्वीकृत घाट/क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८२ मा उल्लेखित दररेटमा तोकिएको स्थानबाट बिक्री गर्नुपर्ने भएकोले स्वीकृत प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन तथा यस सूचनामा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही न्यूनतम ठेक अंकमा नघटने गरी तपशिलमा उल्लेखित अवधि सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले बोलपत्र/दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.व.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ । बोलपत्र/दरभाउपत्र दाताले आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कबोल रकमको ५% का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा ७५ दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र/दरभाउपत्र दाताले सहिछाप गरी ठेक्का खोलिने मितिको १२ बजे भित्र बोलपत्र/दरभाउपत्र पेश गरी सक्नु पर्नेछ । पेश हुन आएका बोलपत्र/दरभाउपत्रहरु सोही दिन यसै कार्यालयमा खोलिने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/**Website- shitagangamun.gov.np** मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

तपशिल-

| सि.न. | ठेक्का न. | नदी/खोला तथा घाटको नाम | उत्खनन परिमाण (घ.मि.) | न्यूनतम ठेक्का अङ्क रु.(मु.अ.कर बाहेक) | फारम दस्तुर रु. | बोलपत्र/दरभाउपत्र खोलिने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | 51-SM/R03/SQ/2082/083 | रासी नदी- रासी गढवा गा.पा सिमाना क्षेत्र | १९२० | ५,५०,००० | १००० | २०८३/२/४ | |
| १ | 52-SM/R4/SQ/2082/083 | शितखोला दमारबेसी क्षेत्र शिनपा ७ | ५७६० | १२,२५,००० | १००० | २०८३/२/४ | |
| २ | 53-SM/R05/SQ/2082/083 | खयरभट्टी खोला- बाटो देखि दुमै घाट सम्मको क्षेत्र | ५७६० | १६,३०,००० | १००० | २०८३/२/४ | |
| ३ | 54-SM/R06/SQ/2082/083 | रनसिङ् खोला- तिनखण्डे पुच्छारको क्षेत्र | १८०० | ५,१०,००० | १००० | २०८३/२/४ | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | 55-SM/R07/SQ/2082/083 | रनसिङ् खोला-बेलदमार क्षेत्र | ६४८० | १८,३५,००० | १००० | २०८३/२/४ | |
| ६ | 56-SM/R08/SQ/2082/083 | वाणगंगा खोला- मुन्द्रिवास पुच्छारको क्षेत्र | ३५०० | १०,००,००० | १००० | २०८३/२/४ | |
| ७ | 57-SM/R09/SQ/2082/083 | वाणगंगा खोला- कुशुमघाट क्षेत्र | ३६०० | १०,२०,००० | १००० | २०८३/२/४ | |

**शर्त तथा बन्देजहरुः**

१. संघीय सरकार, प्रदेश सरकार, जिल्ला अनुगमन समिति र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै सर्त राखिएको र रित नपुगेको बोलपत्र/दरभाउपत्र माथि कुनै कारवाहि गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय विच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसार सर्त तथा बन्देजहरु समेत राखिनेछ ।

३. प्राकृतिक स्रोतको मूल्य तराई क्षेत्र संग सिमाना जोडिएको क्षेत्रमा प्रती क्यू फिट ८।– र पहाडि क्षेत्रको लागि प्रति क्यू फिट रु ६।– का दरले राजश्व असुल गर्नुपर्नेछ । बोलपत्रमा उल्लेखित न्यूनतम ठेक्का अङकमा मुल्य अभिवृद्धि कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिएवमोजिम मुल्य अभिवृद्धि कर थप गरी रोयल्टी असुल गर्नु पर्नेछ । बोलपत्रमा उल्लेखित रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. बोलपत्र/दरभाउपत्र स्वीकृत भएपश्चात सूचना पाएको वा पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ठ ठेक्का सम्झौताको वखत जम्मा गर्नु पर्नेछ । यदि कवोल रकम पुरै जम्मा गर्न नसके कवोल अङकको ५० प्रतिशत, अग्रीम आयकर र मु.अ.कर बुझाई बाँकी रकम बरावरको नेपाल राष्ट्र बैकंबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत पेश गर्नुपर्ने छ । बाँकी रकम कुल सम्झौता समयावधिको आधा अवधि भित्र वा सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैंक जमानतबाट असुल गरिने छ ।

५. व्यवसायिले नदिजन्य पदार्थ बिक्री गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलव्ध गराउनु पर्नेछ । कुनै आयोजना वा संस्थाले मात्र पाउने गरी बिक्री गर्न पाउने छैन ।

६. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको रोयल्टी शुल्क उठाउदा प्रयोग गर्ने सिलसिलेवर नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट ३ प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणीत नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पुर्व लगाईएको रेखाङकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुनेगरी उत्खनन् गरेको पईएमा पहिलो पटक रु.२००००।– पुनः दोहोरीएमा रु.४०००० जरिवाना र पटकै पिच्छे दोहोरिएमा जमानत जफत गरी ठेक्का तोडन सकिने छ ।

७. प्राकृतीक श्रोत शुल्क (रोयल्टी) तोकिएको स्थानबाट मात्रै असुली गर्नु पर्नेछ । राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट राखि वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाइने छैन साथै संकलन, उत्खनन् गरिने क्षेत्र, परिमाण, विधि, समयावधि र दर रेट सहितको होडिंग बोर्ड आयोजना स्थलमा राख्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई संझौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईने छैन ।

९. बिक्री भएको परिमाणको विवरण खुल्नेगरी नगरपालिकाबाट तोकिएको ढाँचामा यस कार्यालयमा बिक्री सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

१०. तोकिएको स्थान बाहेक अन्य स्थानबाट वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाल्न पाइने छैन । घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

११. घाटहरुमा बिक्री हुने वालुवा गिट्टी, ढुंगा, मिस्कटको परिमाण उल्लेख भएको नगदि रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ । वालुवा गिट्टी, ढुंगा, मिस्कट निकाशि गर्न चलन चल्तीको बाटो बाहेक नया बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयम आफैले गर्नुपर्ने छ । खर्चको दावि गर्न पाईने छैन ।

१२. बस्ती क्षेत्रमा हर्न वजाउन साथै हावा चलेको, बाढी आएको समयमा उत्खनन्, संकलन गर्न पाईने छैन साथै स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्यमा लगाउनुपर्ने छ । कामदारको लागी प्राथमिक उपचार र माक्सको व्यवस्था मिलाउनु पर्ने छ ।

१३. खोला/नदीको घाट वा आकृति विग्रनेगरि नदी किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड फोड गर्न पाईने छैन । तोकिएको अवधि सम्म तोकिएको परिणाम बिक्री हुन नसकेपनि सो को जिम्मेवार स्वयम व्यवसायि हुनुपर्नेछ । कवोल गरेको रकममा छुट दावा गर्न पाईने छैन ।

१४. ठेकेदारले ढुङगा, गिट्टी, वालुवा, ग्रावेल संकलन,उत्खनन् कार्य गर्दा गराउदा सम्बन्धित खोला/ नदीको स्वीकृत (आइइई) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (आइइई) सर्तहरु पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्यूनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले बेहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबट नदीजन्य पदार्थ झिक्न पाईने छैन् ।

१५. खोला / नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संकलन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१६. नदिजन्य पदार्थ संकलन तथा उत्खनन्को लागि तोकिएको स्थानबाट तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ निकाशि भएको भनी प्राविधिकबाट नापजाँच गरी प्रतिवेदन पेश हुन आएमा वा नगदि रसिदको आधारमा तोकिएको परिमाण निकासी भएको पाइएमा जुनसुकै समयमा पनि ठेक्का समाप्त गर्न सकिने छ ।

१७. ढुङगा, गिट्टी,वालुवा, मिस्कटको उत्खनन्, संकलन तथा ढुवानी गर्दा गराउँदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा संघीय र प्रदेश सरकारको निर्णय मुताविकका प्राबधानको पालना गर्नु पर्नेछ ।

१८. बोलपत्र/दरभाउपत्र खरिदको लागि आफ्नो व्यावसाय संग सम्बन्धित प्रमाण पत्र, मुअकर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको फोटोकपि संलग्न गर्नु पर्नेछ ।

१९. विद्युतीय दरभाउपत्र फारमको कागजात, स्पेसिफिकेसन, परिमाण, सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय र प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्ने छैन ।

२०. यो सूचनामा उल्लेख भएका शर्तहरु यस वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत